# रामधुनी भासि नगरपालिका, झुम्का सुनसरी

**शिलवन्दी टेण्डरफारम सम्वन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७३।१०।२५**

रामधुनी-भासि नगरपालिका कार्यालयको वडा कार्यालय भवनमा दोस्रो तला थप गर्ने लगायतका निर्माण कार्य गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता प्रमाणफारम, ०७२।०७३ को कर चुक्ता प्रमाण फारम, सो घोषणा फारम, जे.भि. भएमा संझौता फारम, पावर अफ एटोर्नी जे.भि भएमा र अन्य आवश्यक काजजातहरु संलग्न राखी तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक गोप्य शिलबन्दी टेण्डर पेश गर्न आह्वान गरिएको छ ।

१. टेण्डर फारम सम्बन्धी कागजातहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनभित्र चालु आ.व.को लागी नविकरण भएको ईजाजत-फारम, आयकरको स्थायी लेखा दर्ता प्रमाण-फारम, मुल्य अभिबृद्धि दर्ता प्रमाण-फारमको र गत आ.व.को कर चुक्ता प्रमाण-फारम प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन दिई तल उल्लेखित दस्तुर तिरी यस कार्यालय बाट समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको टेण्डर फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन वा विदा परे सो को भोलि पल्ट १२:०० बजे भित्र कार्यालयको नाममा सम्बोधन गरी ठेक्का न., कामको विवरण, टेण्डर फारम दाताको नाम र ठेगाना स्पष्ट खुलाई सहिछाप र फर्मको छाप लगायत शीलवन्दी लाहा छाप गरी यस कार्यालयमा मात्र दर्ता गराउनुपर्ने छ तथा योगयता पुगेका टेण्डर दाताहरु ई विडिङ्ग मार्फत www.bolpatra.gov.np मा पनि बुझाउनु सकिनेछ र वेभ साईट मार्फत बुझाएको टेण्डरदातले धरौटी रकम बुझाएको बैक भौचर स्कानगरि PDF फरमेटमा बोलपत्र संगै पठाउनुपर्नेछ ।

३. दर्ता भएको तथा ई विडिङ्ग मार्फत प्राप्त भएको टेण्डर फारम ३१ औ दिन वा विदा परेमा सो को भोलि पल्ट दिनको १:०० बजे टेण्डर फारम दाता वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलफारम र टेण्डर फारम दाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि टेण्डर फारम खोल्न कुनै वाधा पर्ने छैन ।

४. टेण्डर फारम खरिद गर्ने, दाखिला गर्ने एवं खोलिने अन्तिम दिन सार्वजानिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. टेण्डर फारम साथ धरौटी बापत आफुले कबुल गरेको कबुल रकमको २.५% रकम यस कार्यालयको नाममा रहेको रा.वा.बैंक ईनरुवामा रहेको धरौटी खाता न. २२२०३००३३५१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलफारम र टेण्डर फारम दाखिला गर्न अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै विडवण्ड ( बैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ । फाईनान्स कम्पनीबाट जारी भएको विडवण्डलाई मान्यता दिईनेछैन ।

६. टेण्डर फारम स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा ठेक्का अंकको ५% ले हुने रकम यस कार्यालयको नाममा रा.वा.बैंक ईनरुवामा रहेको धरौटी खाता नं.२२२०३००३३५१ धरौटीमा नगद जम्मा गरको सक्कलै बैंक भौचर वा घट्टीमा एक वर्ष म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी (परफमेन्स वण्ड) पेश गर्नुपर्ने छ ।

७. टेण्डर फारममा आईटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । केरमेट भएको ठाँउमा टेण्डर फारममा दाताको सही छाप लागेको हुनु पर्नेछ ।

८. म्याद नाघी आएको रित नपुगेको र शर्त राखिएको टेण्डर फारम उपर कुनै कारबाही गरिनेछैन ।

९.एक फर्मको नाममा खरिद गरिएको टेण्डर फारम फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१०.नेपाल सरकारको हितलाई ध्यानमा राखि टेण्डर फारम स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

११. टेण्डर फारम दाताले गरिने कार्यको कार्य तालिका बनाई सम्झौता गर्ने समयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१२.माथि उल्लेखित कार्यालयबाट सम्बन्धित व्यक्ति वा फर्मको नामबाट विक्रि भएको टेण्डर फारम फारम भरि नआएको, शीलबन्दी भई नआएको, म्यादभित्र दाखिला भई नआएको र टेण्डरफारम फारमको प्रत्येक पानामा टेण्डर फारम दिनेको सहिछाप भइ नआएमा सो टेण्डर फारमले मान्यता पाउने छैन ।

१३.सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजानीक खरीद ऐन २०६३, नियमावली २०६४ र स्थानिय निकाय (आर्थिक प्रशासन ) सम्वन्धि नियमावली, २०६४ वमोजिम हुने छ ।

१४.यसमा कुनै संशोधन भएमा सो को जानकारी यस कार्यालयमा सूचना टाँस गरी जानकारी गराईनेछ ।

१५.यस सूचनामा उल्लेख भएको कार्यहरु चालु आ.व. को २०७४ जेष्ठ १५ गते सम्ममा सम्पन्न गरी सक्नु पर्ने छ ।

**कार्यक्रमको नाम :- भौतिक पुर्वाधार विकास कार्यकम**

| सि. न. | ठेक्का न. | कार्यको विवरण | संचालन हुने स्थान | ईकाई | ल.ई. रकम कन्टिनजेन्सी र भ्याट बाहेक | जमानत रकम | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | BHASI 1-073-074 | वडा कार्यालय भवन दोस्रो तला थप, कम्पाउण्ड वाल निर्माण तथा कम्पाउण्ड क्षेत्रमा कंक्रिट टायल लगाउने काम। | वा. नं. २, वाडा कार्यालय १ देखि ५ | १ | ४३,३१,८८५.०७ | १२२,३७५.७५ | १०००.०० | |

रामधुनी भासि नगरपालिका
झुम्का, सुनसरी

प्रमोद कुमार चौधरी
कार्यकारी अधिकृत
...भासि नगरपालिका